# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश, घोराही दाङ

## राजस्व गस्ती टोली गठन तथा परिचालन सम्बन्धी कार्यविधि-०७९

**प्रस्तावना :**

घोराही उपमहानगरपालिकाको राजश्व व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउदै उपमहानगरपालिकाको आन्तरिक आम्दानीलाई वृद्धि गर्न राजश्वका दर, दायरामा बढोत्तरीका अलावा राजस्व चुहावटलाई शून्यमा झार्ने मुख्य उद्देश्यले यस उपमहानगरपालिकामा रहेका सम्पूर्ण वडा कार्यालयको राजस्व संकलन कार्य, नदीजन्य पदार्थ उत्खनन् तथा ढुवानी, नक्सापास विनाको घर निमार्ण, व्यवसाय कर, घर बहाल कर, बहाल बिटौली शुल्क, सम्पत्ति तथा मालपोत कर इत्यादी क्षेत्रमा निगरानी तथा अनुगमन गर्न वाञ्छिनिय भएकोले स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार प्रयोग गरि घोराही उपमहानगरपालिकाको मिति २०७९/०६/१३ मा

बसेको कार्यपालिकाको बैठकले घोराही उपमहानगरपालिकाको राजस्व टोली गठन तथा परिचालन सम्बन्धी कार्यविधि-२०७९ पारित गरि लागू गरेको छ।

१. नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम घोराही उपमहानगरपालिकाको राजश्व टोली गठन तथा परिचालन सम्बन्धी कार्यविधि-२०७९ रहेको छ।

(२) यो कार्यविधि तत्काल लागु हुनेछ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क)"कर" भन्नाले प्रत्यक्ष लाभको अपेक्षा नगरि नगरबासीले कानून बमोजिम उपमहानगरपालिकालाई तिर्नुपर्ने अनिवार्य भुक्तानीलाई सम्झनुपर्दछ।

(ख) "गैर कर" भन्नाले नगरपालिकाबाट कुनै प्रत्यक्ष सेवा/सुविधा लिए वापत बुझाउनुपर्ने सेवा शुल्क तथा कानून विपरित कार्य गर्दा तिनुपर्ने दण्ड/जरिवाना रकमलाई समेतलाई बुझाउँछ।

(ग) "कार्यपालिका" भन्नाले घोराही उपमहानगरको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले घोराही उपमहानगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नेपाल सरकारले तोकेको कर्मचारीलाई सम्झनुपर्दछ।

(ङ) “राजश्व” भन्नाले सरकारले आन्तरिक स्रोतबाट कानून बमोजिम प्राप्त गरेको आम्दानीलाई सम्झनुपर्दछ ।

(च) “वडा” भन्नाले यस उपमहानगरपालिका अन्तर्गतका सबै वडा सम्झनु पर्दछ ।

(छ ) “शाखा” भन्नाले घोराही उपमहानगरपालिकाको बजेट तथा राजश्व व्यवस्थापन शाखालाई  सम्झनु पर्दछ ।

(ज) “व्यवसाय” भन्नाले यस उपमहानगरपालिका क्षेत्रभित्रका नाफा कमाउने उद्देश्यले संचालित सम्पूर्ण व्यवसाय सम्झनु पर्दछ ।

(झ) “नगरपालिका” भन्नाले यस घोराही उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ञ) “कार्यविधि” भन्नाले यस  घोराही उपमहानगरपालिकाको राजश्व गस्ती टोली गठन तथा संचालन सम्बन्धी कार्यविधि-२०७९ सम्झनुपर्दछ ।

(३) राजस्व गस्ती टोलीको गठन प्रक्रिया : स्थानीय तहले उठाउन सक्ने सम्पूर्ण कर तथा गैरकर राजश्वका स्रोतरुमा हुन सक्ने अनियमितता, कर छुट तथा चुहावट कार्यलाई नियन्त्रण गर्न तपसिलको एक राजश्व गस्ती टोली गठन गर्न सकिनेछ ।

तपसिल :

१) राजस्व शाखाको अधिकृतस्तरको कर्मचारी(एक जना) ...........संयोजक

२) व्यवसाय दर्ता प्रयोजनका लागि उद्योग बाणिज्य संघबाट प्रतिनिधी र घरनक्सा पास हेर्ने प्रयोजनका लागि नगरको घरनक्सा फाँटको प्राविधिक कर्मचारी (एक जना) ....सदस्य

३) नगर प्रहरी (दुई जना)................................... सदस्य

४) सम्बन्धित वडाको प्रतिनिधी (एक जना) ....सदस्य

५) राजस्व शाखाको सहायकस्तरको कर्मचारी (एक जना) ....सदस्य

(४) राजस्व गस्ती टोलीको काम, कर्तव्य र अधिकार :

(१) घोराही उपमहानगरपालिका क्षेत्रभित्र रहेको जुनसुकै व्यवसायको अनुगमन गरि स्थानीय तहमा व्यवसाय दर्ता तथा नविकरण गरे नगरेको सम्बन्धमा जाँचबुझ गरी नियम बमोजिम आवश्यक कारबाही गर्ने,

(२) नदीजन्य पदार्थको अबैद्ध ओसार पसार नियन्त्रण गर्न यस राजश्व गस्ती टोली वा नगर प्रहरीले ढुवानी गरिरहेका सवारी साधनहरुको चेकजाँच गरि जरिवानाका लागि नगरपालिका पठाउने,

(३) निर्माणाधीन घरको नक्सापास भए नभएको निरिक्षण गरि नभएको अवस्थामा निर्माण कार्य रोकी आवश्यक प्रक्रिया अगाडि बढाउने,

(४) घरजग्गा बहाल करका सम्बन्धमा अनुगमन तथा निरिक्षण गरि सम्बन्धित घर धनीलाई करको दायरामा ल्याउन पहल गर्ने,

(५) जडिबुटी, कवाडी तथा जिवजन्तुका अबशेषहरुको अबैद्ध निकासीलाई रोक्न नेपाल प्रहरीसँग समन्वय गरि निगरानी बढाउने,

(६) वडा कार्यालयबाट हुन सक्ने राजश्व चुहावटलाई रोक्न वडाहरुको अनुगमन गर्ने र आवश्यकता अनुसार राजस्व संकलन कार्यसँग सम्बन्धित सम्पूर्ण कार्यहरुको समेत अनुगमन गर्न सक्नेछ।

(५) राजस्व गस्ती टोलीको सेवा सुविधा सम्बन्धमा :

राजश्व शाखाबाट बिनियोजित वार्षिक बजेटबाट व्ययभार हुने गरि राजस्व गस्तीमा खटिने टोलीका सदस्यहरुलाई देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

१) नगरपालिकाको मापदण्ड बमोजिम अनुगमनमा खटिएको दिनको खाजा खर्च,

२) नगरपालिकाको सरकारी सवारी साधनको प्रयोग नभएको अवस्थामा निजी सवारी साधनमा इन्धनको व्यवस्था गर्न सकिनेछ।

३) विदाको दिनमा राजस्व गस्ती गर्ने टोलीका हरेक सदस्यहरुलाई दैनिक रु. १००० का दरले भत्ता उपलब्ध गराउन सकिनेछ।

(६) राजस्व गस्ती टोली परिचालन सम्बन्धमा :

(१) राजस्व सम्बन्धी अनुगमन तथा निरिक्षण कार्य कम्तिमा हप्ताको दुई दिन, कार्यालय समय वा सो समय भन्दा अगाडि पछाडी, शनिबार, विदाको दिनमा समेत जुनसुकै समयमा यस उपमहानगरपालिका क्षेत्रभित्रका जुनसुकै स्थानमा बाह्रै महिना परिचालित हुनेछ।

(२) राजस्व गस्ती टोली राजस्व शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा नगरकार्यपालिका प्रति वफादार रही आवश्यक सल्लाह/सुझावहरु र निर्देशनको पालना गर्नेछ साथै उक्त टोलीको वैधानिक कार्यमा सम्बन्धीत सबैको साथ सहयोग रहनेछ ।

(७) अवैध संरचना हटाउने सम्बन्धमाः यस घोराही उपमहानगरपालिका क्षेत्र भित्र नगरपालिकाबाट इजाजत नलिई अबैध रुपमा निर्माण भएका घर संरचना जुनसुकै बखत हटाउन सकिनेछ । हटाउने विधि तथा प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४ को कानूनी व्यवस्था बमोजिम हुनेछ ।

(८) बाधा अड्काउ सम्बन्धी व्यवस्था : (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेका सो फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ । नगरकार्यपालिकाले समय सापेक्ष यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

आज्ञाले,
लक्ष्मी प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत